### घातक रोग सम्बन्धी सुविधा (CI)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरी ऐच्छिक सुविधा अन्तर्गत १८ प्रकारका घातक रोग सम्बन्धी उपचार खर्च सुविधा लिन सकिनेछ। बीमालेख चालु अवस्थामा रही घातक रोग बापत अतिरिक्त शुल्क भुक्तानी गरेको अवस्थामा बीमितलाई सुचिकृत १८ प्रकारका घातक रोगहरु लागेका निरुपण (Diagnosis) भएमा अधिकतम रु. ५० लाखमा नबढ्ने गरी घातक रोग बापतको बीमाङ्क रकम उपचार खर्च बापत प्रदान गरिनेछ । घातक रोगमा उपचार खर्चको लागि कुनै मेडिकल बिल समावेश गर्नु पर्ने हुँदैन।

### किरिया खर्च सुविधा (FE Rider)

कम्पनीले निर्धारण गरेको अतिरिक्त बीमाशुल्क भुक्तानी गरि ऐच्छिक सुविधा अन्तर्गत Funeral Expense पुरक करार सुविधा लिन सकिनेछ। बीमालेख चालु रहेको अवस्थामा बीमितको मृत्यु भएमा सामान्यतया बीमाङ्क रकमको २५ प्रतिशत रकम वा ५०,००० मध्ये जुन कम हुन्छ, सो रकम किरिया खर्च बापत बीमितको हकवालालाई भुक्तानी गरिनेछ ।

## बीमाङ्कमा छुट

| | |
|---|---|
| रु. १,००,००० देखि १,९९,९९९ सम्म | रु. १ प्रति हजार |
| रु. २,००,००० र सोभन्दा माथि | रु. २ प्रति हजार |

## बीमाशुल्कमा छुट तथा थप

| | |
|---|---|
| वार्षिक | २ प्रतिशत |
| अर्धवार्षिक | १ प्रतिशत |
| त्रैमासिक | छैन |
| मासिक | ५ प्रतिशत थप |

यसमा उल्लेख गरिएका जानकारीहरु ग्राहकहरुको मार्गदर्शन को लागि मात्र हो। माथि उल्लेखित शर्त तथा सुविधाहरुमा फरक परेमा बीमालेख बमोजिम हुनेछ। साथै उल्लेखित शर्त तथा सुविधाहरु समय समयमा बीमा प्राधिकरण (नियमनकारी निकाय) द्वारा जारी ,निर्देशित तथा शंसोधित व्यवस्था तथा बीमा ऐन बमोजिम हुने हुनाले अद्यावधिक जानकारीको लागि कम्पनीमा सम्पर्क राख्नुहोला ।



SUNLIFE
सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि

# सन नेपाल
लाइफ इन्स्योरेन्स कं. लि.



# सन लाइफ
## सावधिक जीवन बीमा

**सानो सानो बचतबाटै हुन्छ सुरुवात**
**लगानी कम प्रतिफल बढी**
**सावधिक बीमाको साथ**

:01-4536126 : 9801234444
: sunlife.com.np : info@snlic.com

# सन लाइफ सावधिक जीवन बीमा योजना (Endowment Plan)

यस कम्पनीले प्रचलनमा ल्याएको सन लाइफ सावधिक जीवन बीमा योजना बीमितहरु माझ अत्यन्तै रुचाईएको सावधिक जीवन बीमा हो । यो मुनाफामा सरिक हुने [Endowment Plan With Profit] जीवन बीमा हो । यस योजना अन्तर्गत निश्चित अवधिभित्र बीमाशुल्क भुक्तानी गरेमा अवधि समाप्त हुँदाको बखत बीमाङ्क तथा नियमानुसारको आर्जित बोनस बराबर रकम एकमुष्ठ प्रदान गरिनेछ।

## प्रमुख विशेषता

यो मुनाफामा सरिक हुने [Endowment Plan With Profit] जीवन बीमा हो । बीमा अवधि समाप्ति मिति सम्म बीमित जीवीतै रहेमा बीमाङ्क तथा नियमानुसारको आर्जित बोनस बीमितले नै प्राप्त गर्ने र बीमा अवधिभित्र बीमितको मृत्यु भएमा बीमितको नजिकको हकवाला वा इच्छाइएको व्यक्तिलाई बीमाङ्क तथा नियमानुसारको आर्जित बोनस एकमुष्ठ प्रदान गर्नु नै यस योजनाको मुख्य विशेषता हो ।

## योजना छनौट गर्दा चाहिने योग्यताहरु:

| | न्यूनतम | अधिकतम |
|---|---|---|
| प्रवेश उमेर | १६ वर्ष | ६५ वर्ष |
| बीमा शुल्क भुक्तानि अवधि | ५ वर्ष | ५० वर्ष |
| बीमा समाप्तिमा अधिकतम उमेर | ७० वर्ष | |
| बीमाङ्क रकम | रु २५,०००/- | असिमित |
| बीमा शुल्क भुक्तानि तरिका | वार्षिक, अर्धवार्षिक , त्रैमासिक र मासिक | |

## योजनाका प्रमुख सेवा सुविधाहरु

### मृत्यु बापत भुक्तानी (Death Benefit)

चालु बीमालेख अन्तर्गत बीमा समाप्त हुने मिति अगावै बीमितिको मृत्यु भएमा बीमाङ्क रकम र नियमानुसारको आर्जित बोनस रकम बीमितद्धारा ईच्छाइएको व्यक्ति वा नजिकको कानुनी हकवाला व्यक्तिलाई भुक्तानी दिइनेछ ।

### बीमा अवधि समाप्ती भुक्तानी (Maturity Benefit)

चालु अवस्थामा रहेको बीमालेख अन्तर्गत बीमाशुल्कको सम्पूर्ण रकम (अन्तिम किस्ता) भुक्तानी गरी बीमा समाप्ती मिति सम्म बीमित जीवित रहेमा बीमालेखमा उल्लेख भएको बीमाङ्क रकम र नियमानुसारका आर्जित बोनस बीमाअवधि समाप्तिमा बीमितलाई एकमुष्ठ भुक्तानी दिइने छ । Maturity Benefit रकम प्राप्त



गर्न बीमितद्वारा बीमा अवधि सम्मको सबै किस्ता भुक्तानी गरिएको हुनुपर्नेछ ।

### बीमालेख कर्जा (Policy Loan Benefit)

बीमालेख अन्तर्गत पूरा तीन वर्षको बीमाशुल्क प्राप्त भइसकेको र बीमा प्रारम्भ मितिबाट तीन वर्ष पूरा भए पश्चात् बीमालेख धितो राखी कर्जा लिन सकिनेछ । यसरी बीमालेख नै धितो राखी लिन सकिने कर्जा रकम उक्त बीमालेखको समर्पण मूल्यको बढीमा ९० प्रतिशत र घटीमा रु १००० सम्म लिन सकिन्छ । यस शर्त अन्र्तगत लिइएको बीमालेख कर्जामा नेपाल बीमा प्राधिकरणको स्वीकृती लिई समय समयमा कम्पनीले निर्धारण गरे बमोजिमको दरमा ब्याज लाग्नेछ। कर्जा लिएको ६ महिनाभित्र कर्जाको साँवा र ब्याज भुक्तानी गर्नुपर्छ। कर्जाको साँवा र ब्याज कुनै पनि समय बिना सूचना कर्जा फिर्ता गर्न सकिनेछ। कर्जा लिएको ६ महिनापछि चक्रबर्ति रुपमा ब्याज हिसाब हुँदै जान्छ। बीमालेख कर्जा अन्तर्गत कुनै अवस्थामा समर्पण मूल्यभन्दा कर्जा रकम र सोको ब्याज बढी हुने भएमा बीमालेख राफसाफ गरी कर्जा रकम र ब्याज असुल उपर गरिने छ र बीमालेख निष्क्रिय भई बीमालेखको शर्त सुविधा लागु हुने छैन।

## अतिरिक्त लाभहरु:

### दुर्घटना मृत्यु लाभ सुविधा (ADB)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरि ऐच्छिक सुविधा अन्तर्गत दुर्घटना मृत्यु लाभ लिन सकिनेछ । यो सुविधा अन्तर्गत बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा दुर्घटनाको कारणले बीमितको मृत्यु भएमा दुर्घटना मृत्यु लाभ बापतको बीमाङ्क रकम (अधिकतम रु ५० लाख) सम्म लिन सकिनेछ ।

### स्थायी अशक्तता तथा बीमाशुल्क छुट सुविधा (PTD/PWB)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरि ऐच्छिक सुविधा अन्तर्गत स्थायी अशक्तता सुविधा लाभ लिन सकिनेछ। यो सुविधा अन्तर्गत बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा दुर्घटनाको कारणबाट बीमित पूर्ण रुपमा स्थायी पूर्ण अशक्त (आय आर्जन गर्न नसक्ने अवस्था) भएको प्रमाणित भएमा उक्त मितिपछिको बीमाशुल्क तिर्नु नपर्ने गरी कम्पनीले बीमाशुल्क छुट सुविधा प्रदान गर्नेछ। स्थायी अशक्तता तथा बीमाशुल्क सुविधा बापतको बीमांक रकमलाई १२० किस्तामा भाग गरी मासिक रुपमा कम्पनीले प्रदान गर्नेछ ।